# मेलम्ची नगरपालिका क्षेत्र भित्रका नदी, खोला खोल्सीहरूबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र उपयोग सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना ः**

मेलम्ची नगरपालिका क्षेत्र भित्र रहेका ईन्द्रावती नदी, मेलम्ची नदी, सिन्धुखोला नदी लगायतका अन्य खोला खोल्सीमा रहेका नदीजन्य पदार्थको दिगो संरक्षण र व्यवस्थापन गरी सोको सहज आपूर्ति गर्न र नदी क्षेत्रबाट उत्खनन्, संकलन तथा विक्री वितरण हुने नदीजन्य पदार्थहरूको अन्यवस्थित र अत्याधिक दोहन हुन नदिन र यसको दिगो व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक राजस्व वृद्धि गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्रका खोला खोल्सीहरूबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र उपयोग सम्बन्धी कार्यविधि, २०७६ तर्जुमा गरी नगर कार्यपालिकाको मिति ................को वैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ** ः (१) यो कार्यविधिको नाम " मेलम्ची नगरपालिका क्षेत्र भित्रका खोला खोल्सीहरूबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र उपयोग सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा** ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "नदीजन्य पदार्थ" भन्नाले मेलम्ची नगरपालिका क्षेत्र भित्रका नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई, खोल्सा र खहरेको किनार तथा आसपासका वन

क्षेत्र वा सार्वजनिक जग्ग वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भुस्कट, गेग्रन र माटो सम्झनुपर्दछ ।

(ख) "अनुगमन समिति" भन्नाले नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७६ को दफा १५ (१) बमोजिम गठन भएको जिल्ला अनुगमन तथा समन्वय समिति र सोही कार्यविधिको दफा १५(५) बमोजिम गठन भएको स्थानीय अनुगमन समिति भन्ने सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले मेलम्ची नगरपालिका क्षेत्र भित्रका नदी, खोला, खोल्सीहरूबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री गर्नको लागि यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमित पत्र भन्ने सम्झनु पर्दछ ।

(घ) "उद्योग" भन्नाले कच्चा पदार्थको रूपमा नदीजन्य पदार्थको प्रयोग हुने पेशिनरी औजार जडित उद्योग सम्झनु पर्छ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग सम्झनु पर्छ ।

(ङ) "प्रदुषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन हुने गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउँने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउँने क्रियाकलाप सम्झनु पर्छ ।

(च) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।

(छ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले मेलम्ची नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख भन्नाले " मेलम्ची नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) "उपप्रमुख भन्नाले " मेलम्ची नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले नगरपालिका अन्तर्गत वडाका वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ड) "वडा" भन्नाले नगरपालिकाको वडा सम्झनु पर्दछ ।

(ढ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(ण) "शाखा" भन्नाले मेलम्ची नगरपालिकाको राजश्व शाखा सम्झनुपर्छ ।

## परिच्छेद २

## प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन

३. **प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने** ः

(१) यस कार्यविधि बमोजिम मेलम्ची नगरपालिका क्षेत्रको ठूला नदी र खोला खोल्सीबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री गर्दा प्रचलित वातावरण संरक्षण कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउँनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रतिवेदनको एक/एक प्रति जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(३) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्रका नदीबाट संकलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय

परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित कार्यालयबाट सहमति लिनु पर्नेछ ।

**४. प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी व्यवस्था** ः

(१) प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी व्यवस्था संघीय सरकार तथा प्रदेश सरकारबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपायेग) सम्बन्धी कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद ३

## नदीजन्य पदार्थको संकलन क्षेत्र तथा परिमाण निर्धारण

**५. नदीजन्य पदार्थको सर्वेक्षण तथा क्षेत्र एकिन गर्नुपर्ने** ः

(१) मेलम्ची नगरपालिकाले चालु आ.व.को लागि नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्न सकिने संभावित क्षेत्र र परिमाणको एकिन गरी सोको विवरण सहितको कार्ययोजना हरेक आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र तयार पारी कार्यपालिका र सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

नदीजन्य पदार्थको सर्वेक्षण तथा क्षेत्र एकिन गर्नको लागि नगरपालिकास्तरमा देहाय बमोजिमको प्राविधिक समिति रहनेछ ।

(क) मेलम्ची नगरपालिकाको भवन तथा वातावरण शाखा इन्जिनियर  - संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(ग) सव डिभिजन वन कार्यालयका प्रमुख - सदस्य

(घ) राजस्व शाखा प्रमुख - सदस्य सचिव

(२) प्राविधिक समितिले संकलन गर्न सकिने नदीजन्य पदार्थको परिमाण र विधि एकिन गर्दा देहाय बमोजिमका क्षेत्रबाट मात्र प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गरी उत्खनन् तथा संकलन गर्न सकिने गरी एकिन गर्नु पर्नेछ ।

(क) नदीबाट ढुङ्गा, गिटी, बालुवा र माटो जन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्न वातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेको स्थान तथा क्षेत्र,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोको कारणले ढुंगा र माटोजन्य पदार्थ थुप्रन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सृजना भई त्यस्ता पदार्थ हटाउँनु पर्दा तोकिने स्थान,

(ग) सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन् गरी ढुंगा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भई अनुमित प्रदान गरिएको क्षेत्र,

(घ) विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक तथा संरचनाहरू निर्माण गर्ने क्रममा उत्खनन् हुने क्षेत्र,

(ङ) जमिनलाई खेतीयोग्य बनाउने क्रममा ढुंगा तथा माटोजन्य पदार्थ हटाउँनुपर्दा तोकिएको क्षेत्र,

(च) अन्यको हकमा प्रदेश कार्यविधि बमोजिम हुनेछ ।

६. **<u>नदीजन्य पदार्थको उत्खनन् तथा संकलन</u>** <u>विधि</u> : (१) नगरपालिका क्षेत्र भित्रका नदी, खोला, खोल्सीहरूबाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन विधि देहाय बमोजिम हुनेछ ।

(क) भौतिक संरचना निर्माणका लागि आवश्यक पर्ने ढुंगा, गिटी, बालुवा, चिप्स, डष्ट जस्ता तयारी वस्तुको उत्पादनमा कमी भई उक्त कारणबाट विकास निर्माणमा हुन सक्ने अवरोध हटाउँनको लागि नगरपालिका भित्रका नदी, खोला खोल्सीहरूबाट नदीजन्य कच्चा पदार्थको उत्खनन् तथा संकलन गर्न मनासिव देखिएमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले औंल्याएका स्थानहरूबाट सुरक्षित र वातावरणमा प्रतिकूल असर नपर्ने गरी कानूनमा तोकिए बमोजिमको परिमाणमा नदीजन्य कच्चा पदार्थहरूको उत्खनन् तथा संकलन गर्न सकिनेछ ।

(ख) असार, साउन र भदौ महिनामा नदी तथा खोला खोल्सीहरूबाट मेशिनरी औजारको प्रयोग गरी नदीजन्य पदार्थको कुनै किसिमको उत्खनन् र संकलन कार्य गरिनेछैन ।

(ग) मेलम्ची नगरपालिका क्षेत्र भित्र रहेका क्रसरजन्य उद्योगहरूले चालु आ.व.मा आवश्यक पर्ने नदीजन्य कच्चा पदार्थ उत्खनन् र संकलनको लागि गत आ.व.को वार्षिक लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, वार्षिक रूपमा उद्योगले उत्पादन गरेको तयारी कच्चा वस्तुको विवरण र हालको मौज्दात कच्चा पदार्थको विवरण सहित थप उत्खनन्को लागि अनुसूची १ बमोजिमको ढाँचामा मेलम्ची नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(घ) क्रसरजन्य उद्योगहरूबाट प्राप्त भएको निवेदन बमोजिम नदीजन्य कच्चा पदार्थको उत्खनन् गर्न आवश्यक देखिएको खण्डमा नगरपालिकाको आर्थिक ऐनको अनुसूचीमा उल्लेख भएको राजस्व बुझाएको बैंक भौचर प्राप्त भए पश्चात सम्बन्धित क्रसर उद्योगलाई नदीजन्य कच्चा पदार्थ उत्खनन्को लागि प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको ढाँचामा उत्खनन् तथा संकलन अनुमति प्रदान गर्न सक्नेछ ।

(ङ) नदीजन्य कच्चा पदार्थको उत्खनन् गर्ने स्थान, समय, अवधि र परिमाण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(च) उत्खनन् पश्चात के कति परिमाण उत्खनन् गरी संकलन भएको रहेछ भनि नाँपजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउँने गरी साँध, किल्ला र निसानाको व्यवस्था गरी उत्खनन् कार्यको थालनी गर्नु पर्नेछ ।

(छ) नदीजन्य पदार्थको उत्खनन् गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्रबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएको व्यवस्था बमोजिम मात्र श्रममूलक प्रविधि वा मेशिनरीको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम गर्नु पर्नेछ ।

(ज) अनुमति प्राप्त कम्पनी, उद्योग वा फर्मले नदीजन्य पदार्थको उत्खनन् विहान ६ः०० बजे देखि बेलुकी ६ः०० बजेसम्मको समायावधिभित्र मात्र गर्नुपर्नेछ ।

(झ) नदीजन्य पदार्थ संकलनकर्ताले वनक्षेत्र, मध्यवर्ती क्षेत्र, सार्वजनिक सडकको राइट अफ वे, सार्वजनिक सम्पत्तिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा सांस्कृतिक महत्व एवं विद्यालय/कलेज/स्वास्थ्य संस्थाको आसपासमा भण्डारण गर्नु हुँदैन ।

(ञ) संकलनकर्ताले कच्चा पदार्थको भण्डारणको लागि आफ्नै स्वामित्व वा भाडामा वा सम्झौता गरी प्रचलित कानूनको प्रक्रिया पूरा गरी प्राप्त गरेको जमिनमा मात्र भण्डारण गर्न सक्नेछ ।

(ट) निषेधित क्षेत्र तथा सार्वजनिक, ऐलानी तथा पर्ती क्षेत्रमा अनुमति बिना नदीजन्य पदार्थको भण्डारण गरेमा मेलम्ची नगरपालिकाले जफत गर्नेछ र यसरी जफत गरिएको नदीजन्य पदार्थ लिलिम बिक्री गरिनेछ ।

(ठ) क्रसरजन्य उद्योगहरूले उत्खनन् गरी संकलन गरेको नदीजन्य पदार्थको मौज्दात परिमाणको प्रमाणिकरण प्राविधिक समितिबाट स्थलगत रूपमा नाँपजाँच गरी समितिको सिफारिस बमोजिम मेलम्ची नगरपालिकाले गर्नेछ ।

(ड) नगरपालिकाले मौज्दात प्रमाणित नगरेसम्म उत्खनन् गरी संकलन गरिएको नदीजन्य पदार्थको विक्री वितरण गर्न पाइनेछैन ।

यदि कुनै व्यक्ति वा उद्योगले कानून विपरित प्रमाणित नगरेको नदीजन्य कच्चा पदार्थको विक्री वितरण गरेमा वा सो कार्य गरेको पुष्टि भएमा क्रसर उद्योग संचालनमा रोक लगाइने वा प्रचलित कानून बमोजिम जरिवाना गरिनेछ ।

**७. <u>उत्खनन् गरी संकलन</u>** <u>भएको नदीजन्य कच्चा पदार्थको मूल्य निर्धारण सम्बन्धी व्यवस्था</u>

(१) नदीजन्य पदार्थ उत्खनन् गर्न इजाजत प्राप्त उद्योग, व्यक्ति वा फर्मले उत्खनन् गरेको नदीजन्य कच्चा पदार्थको मौज्दात परिमाण एकिन भई प्रमाणित भए पश्चात चालु आ.व.मा उत्खनन् गरेको कूल परिमाणको प्रति घ.फि. रू. १ का दरले हुन आउँने राजस्व नगरपालिकामा बुझाए पश्चात मात्र संकलन गरेको मौज्दातबाट विक्री वितरण गर्न अनुमति प्रदान गरिनेछ ।

## परिच्छेद ४

## <u>अनुगमन सम्बन्धि व्यवस्था</u>

**८. <u>नदीजन्य पदार्थको उत्खनन् तथा संकलन</u>** <u>कार्यको अनुगमन सम्बन्धी व्यवस्था</u> ः

(१) नगरपालिका क्षेत्र भित्रका नदी, खोला, खोल्सीहरूबाट गरिने नदीजन्य कच्चा पदार्थहरूको उत्खनन्, संकलन र विक्री वितरणको सम्बन्धमा नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ को दफा १५ (१) र (५) मा भएको व्यवस्था बमोजिम जिल्ला अनुगमन तथा समन्वय समिति र स्थानीय अनुगमन समितिबाट आवश्यकता अनुसार अनुगमन हुनेछ ।

(२) नगरपालिका क्षेत्र भित्र संचालन भएका क्रसरजन्य उद्योग, नदीजन्य कच्चा पदार्थहरूको उत्खनन्, संकलन, विक्री वितरण र यसबाट सृजना हुने भौतिक तथा वातावरणीय जोखिमको अनुगमन गरी त्यस्ता क्रियाकलापहरू हुन नदिनको लागि देहाय बमोजिमको स्थानीय अनुगमन समिति हुनेछ ।

(क) मेलम्ची नगरपालिका प्रमुख - संयोजक

(ख) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति अध्यक्ष - सदस्य

(ग) मेलम्ची नगरपालिका वातावरण इन्जिनियर - सदस्य

(घ) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(ङ) ईलाका प्रहरी कार्यालयका प्रहरी प्रमुख - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको स्थानीय अनुगमन समितिले नगरपालिका क्षेत्र भित्रका क्रसरजन्य उद्योग, त्यस्ता उद्योगबाट उत्पादन भएका तयारी कच्चा पदार्थहरू, कच्चा पदार्थको विक्री वितरणको अवस्था लगायत भौतिक तथा वातावरणीय पक्षको अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद ५

## निजी जग्गामा ढुंगा, गिटी, बालुवाको उत्खनन्

**८.** निजी जग्गामा ढुंगा, गिटी, बालुवाको उत्खनन् सम्बन्धी व्यवस्था : (१) मेलम्ची नगरपालिका क्षेत्र भित्र आफ्नो निजी स्वामित्वमा रहेको जग्गाबाट कुनै व्यक्ति, फर्म, कम्पनीले ढुंगा, गिटी, बालुवा, माटो लगायतका पदार्थहरूको उत्खनन् तथा संकलन गर्नु परेमा मेलम्ची नगरपालिकाबाट अनुमति लिएर मात्र उत्खनन्, संकलन र विक्री वितरण गर्न सकिनेछ । यसरी अनुमति लिंदा देहायको प्रक्रिया पूरा भएको हुनुपर्नेछ ।

(क) उत्खनन्, संकलन तथा बिक्री वितरण अनुमितको लागि सम्बन्धित, व्यक्ति, फर्म वा कम्पनीले आफ्नो स्वामित्वमा रहेको जग्गाको विवरण खुल्ने कागजात, नेपाली नागरिकताको प्रतिलिपि, चालु आ.व. र गत आ.व.सम्मको मालपोत तिरेको रसिदको प्रतिलिपि, जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस सहितको कागजात संलग्न राखी मेलम्ची नगरपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) प्राप्त निवेदन उपर ढुंगा, गिटी, बालुवा लगायतका कच्चा पदार्थ उत्खनन् र संकलन गरिने स्थान भौगोलिक एवं वातावरणीय हिसाबले उपयुक्त रहेको हुनुपर्नेछ । उपरोक्त उत्खनन् स्थल उपयुक्त भए वा नभएको सम्बन्धमा नगरपालिकाको वातावरण इन्जिनियर र राजस्व शाखाबाट गरिएको स्थलगत अध्ययन प्रतिवेदन र सिफारिस संलग्न हुनुपर्नेछ ।

(ग) दफा ८ (क), (ख) र (ग) बमोजिमका प्रक्रिया पूरा भएको र उक्त क्षेत्र भौगोलिक एवं वातावरणीय दृष्टिकोणबाट उपयुक्त देखिएमा मेलम्ची नगरपालिकाबाट ढुंगा उत्खनन्, संकलन र बिक्री वितरणको लागि अनुमति प्रदान गर्न सकिनेछ ।

(घ) दफा ८ (ग) बमोजिम अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले प्रचलित कानून बमोजिमको राजस्व नगरपालिका कार्यालय वा सम्बन्धि ठेकेदारलाई बुझाउनुपर्नेछ ।

१०. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भए बाहेक अन्यको हकमा ३ नं. प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

*अनुसूची १*

*परिच्छेद ३ को दफा ६ (ग) संग सम्बन्धित*

(कच्चा पदार्थ उत्खनन्को लागि निवेदनको ढाँचा)

मिति ः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मेलम्ची नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक ।

विषय ः नदीजन्य कच्चा पदार्थ उत्खनन्का लागि अनुमति सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस मेलम्ची नगरपालिका वडा नं..........स्थित ..................................................क्रसर उद्योगबाट उत्खनन् गरि संकलन गरिएको नदीजन्य कच्चा पदार्थको मौज्दात परिमाण सकिएकोले तहाँ नगरपालिकाबाट ...........................नदीमा उत्खनन् गरिने सिमा क्षेत्र निर्धारण गरी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन र प्रचलित कानूनमा उल्लेख भएको ब्यवस्थाको प्रतिकुल नुहने गरी देहाय बमोजिमको परिमाणमा नदीजन्य कच्चा पदार्थ उत्खनन् गरी संकलन गर्नको लागि अनुमति प्रदान गरिदिनुहुन अनुरोध गर्दछु । उत्खनन् गरी संकलन गरे पश्चात नगरपालिकाले नाँपजाँच गरी तोके/ठहराए बमोजिमको उत्खनन् शुल्क बुझाउँन मञ्जुर छु ।

<u>तपसिल</u>

(१) उत्खनन् गरिने परिमाण ......................................घ.फि.

<u>निवेदक</u>

संचालककको नाम, थर ः

उद्योग, फर्म वा कम्पनीको नाम ः

ठेगाना ः

दस्तखत ः

## *अनुसूची २*

### *(परिच्छेद ३ को दफा ६ (घ) संग सम्बन्धित)*

### नदी/खोला/नदीजन्य पदार्थ उत्खनन् तथा संकलन प्रवेश आदेश

प्रवेश ईजाजत मिति ः समय ईजाजत नं.

१. संकलन गर्ने स्थानको

नदी/खोलाको नाम ः

प्रवेश तथा निकासीको नाका वा स्थानको नाम ः

२. नदी/खोला प्रवेश आदेश विवरण

निकासी गरी लैजानेको

नाम ः

ठेगाना ः

सम्पर्क नं. ः

३. निकासी गरिने पदार्थको नाम ः

४. ढुवानी गरी लैजाने साधनको किसिम ः

५. सवारी नं. ः

६. निकासी गरिने पदार्थको परिमाण (घन फिट)

| प्रवेश आदेश दिने कर्मचारीको | ईजाजत प्राप्त गर्ने प्रतिनिधि |
|---|---|
| नाम र थर ः | नाम र थर ः |
| सही | सही |